**शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली, २०८३**

शिक्षा ऐन, २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

**परिच्छेद- १**

**प्रारम्भिक**

1. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यो नियमावलीको नाम "शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली, २०८३" रहेको छ ।

   (२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

2. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

   (क) "अनुमतिपत्र" भन्नाले नियम ३ बमोजिम प्राप्त अनुमतिपत्र सम्झनुपर्छ ।

   (ख) "ऐन" भन्नाले शिक्षा ऐन, २०२८ सम्झनु पर्छ ।

   (ग) "परामर्शदाता" भन्नाले प्रचलित कानुनबमोजिम स्थापना भएको कम्पनी, संस्था वा निकाय सम्झनु पर्छ र सो शब्दले परामर्श सेवा दिने व्यक्तिलाई समेत जनाउँछ ।

   (घ) "पूर्व तयारी कक्षा" भन्नाले परामर्शदाताले सञ्चालन गर्ने टेष्ट अफ ईङ्लिस एज अ फरेन ल्याङ्गेज (टोफेल), ईन्टरनेशनल ईङ्लिस टेष्टिङ सिस्टम (आईईएलटिएस), स्कलाष्टिक एसिसमेन्ट टेष्ट (एसएटि), ग्राजुएट रिकर्ड एक्जामिनेशन (जिआरई), जापानिज ल्याङ्ग्वेज प्रोफिएन्सी टेष्ट (जेएलपिटी), ग्राजुएट मेनेजमेन्ट एडमिशन टेष्ट (जिएमएटी) को परीक्षामा सम्मिलित हुने विद्यार्थीका लागि सञ्चालन गरिने तयारी कक्षा सम्झनु पर्छ र सो शब्दले लोक सेवा आयोगले लिने प्रतिस्पर्धात्मक परीक्षाको तयारी कक्षालाई समेत जनाउँछ ।

   (ङ) "भाषा शिक्षण" भन्नाले स्वदेशी तथा विदेशी भाषाको शिक्षण सम्झनु पर्छ र सो शब्दले भाषाको परीक्षण समेतलाई जनाउँछ।

   (च) "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनुपर्छ ।

   (छ) "शैक्षिक परामर्श" भन्नाले उच्च शिक्षा अध्ययनको लागि पाठ्यक्रम, अध्ययन प्रक्रिया, लाग्ने शुल्क, भर्ना हुन गर्नुपर्ने प्रक्रिया लगायतका सम्बन्धमा दिइने सल्लाह, सुझाव तथा परामर्शलाई सम्झनुपर्छ ।

   (ज) "शैक्षिक संस्था" भन्नाले स्वदेश वा विदेशमा प्रचलित कानुनबमोजिम स्थापना भएको उच्च शिक्षा प्रदान गर्ने विश्वविद्यालय, महाविद्यालय वा यस्तै किसिमको शैक्षिक कार्यक्रम सञ्चालन गर्ने निकाय सम्झनु पर्छ ।

   (झ) "संस्था" भन्नाले सेवा सञ्चालन गर्न वा शैक्षिक सेमिनार वा शैक्षिक प्रदर्शनी वा शैक्षिक मेला आयोजनाको लागि मन्त्रालयबाट अनुमति प्राप्त संस्था सम्झनु पर्छ ।

(ञ) "सेवा" भन्नाले शैक्षिक परामर्श वा भाषा शिक्षण वा भाषा परीक्षण वा पूर्व तयारी कक्षा सञ्चालन गर्ने संस्थाले दिने सेवालाई जनाउँछ ।

## परिच्छेद- २

## सेवा सञ्चालन अनुमतिसम्बन्धी व्यवस्था

3. **सेवा सञ्चालनको लागि अनुमतिपत्र लिनु पर्ने**: (१) सेवा सञ्चालन गर्न चाहने संस्थाले कार्य सञ्चालन गर्नु पूर्व मन्त्रालय समक्ष अनुमतिको लागि अनुसूची-१ बमोजिमको ढाँचामा आवश्यक कागजातहरू संलग्न गरी निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पर्न आएको निवेदनका सम्बन्धमा मन्त्रालयले कुनै अधिकृतद्वारा जाँचाबुझ गराउन सक्नेछ।

(३) उपनियम (१) बमोजिम पर्न आएका निवेदनका बेहोरा मनासिव देखिएमा वा उपनियम (२) बमोजिमको जाँचबुझबाट अनुमति दिन सिफारिस भएमा मन्त्रालयले अनुसूची-2 बमोजिम धरौटी राख्न लगाई तीन महिनाभित्र शैक्षिक परामर्श सेवाको कार्य प्रारम्भ गर्ने गरी अनुसूची-3 बमोजिमको ढाँचामा अनुमति प्रदान गर्नेछ।

(४) सेवा सञ्चालन अनुमतिपत्र प्राप्त संस्थाले प्रचलित कम्पनी कानून बमोजिम शाखा विस्तार गरेमा त्यस्तो विस्तार भएको शाखाबाट सेवा सञ्चालन गर्न उपनियम (१) बमोजिम निवेदन दिनु पर्नेछ। सक्नेछ।

(५) दुई हजार पचहत्तर साल साउन चौध गते अघि सेवा सञ्चालन अनुमतिपत्रको लागि मन्त्रालयमा आवेदन पेस गरी निर्णय प्रक्रियामा रहेका संस्थाहरुलाई उपनियम (२) बमोजिम जाँचबुझ गराई अनुमतिपत्र प्रदान गर्न सकिनेछ ।

4. **अनुमतिपत्रको अवधि र नवीकरण**: (१) नियम-३ बमोजिम प्रदान भएको अनुमतिपत्रको अवधि एक वर्षको हुनेछ।

(२) अनुमतिपत्रको अवधि सकिन दुई महिना अगावै अनुमतिपत्र नवीकरणको लागि अनुसूची-४ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (2) बमोजिमको समयमा नवीकरणको लागि निवेदन पेस नगर्ने अनुमति पत्र प्राप्त संस्थाले अनुमतिपत्रको अवधि समाप्त भएको तीन महिनाभित्र दश हजार रुपैंया जरिवाना बुझाई अनुमतिपत्रको नवीकरणको लागि मन्त्रालय समक्ष निवेदन गर्न सक्नेछ।

(४) उपनियम (2) र (३) बमोजिम परेको निवेदन उपर जाँचबुझ गरी मन्त्रालयले अर्को एक वर्षको लागि अनुमतिपत्र नवीकरण गर्न सक्नेछ।

(५) उपनियम (३) बमोजिमको अवधिमा पनि नवीकरणको लागि निवेदन नदिएमा त्यस्तो संस्थाको अनुमति पत्र स्वतः रद्द भएको मानिनेछ।

5. **विवरण पेस गर्नु पर्ने**: सेवा सञ्चालनको लागि अनुमति पत्र प्राप्त संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आफूले सम्पादन गरेको कार्यको वार्षिक विवरण मन्त्रालयमा पेस गर्नु पर्नेछ ।

motivate news
motivation for success

6. **प्रदेश वा स्थानीय अनुमति दिन सक्ने**: (१) प्रदेश वा स्थानीय तहले शैक्षिक परामर्श सेवा बाहेक अन्य सेवा सञ्चालनको लागि दर्ता, अनुमति पत्र, अनुमति पत्रको नवीकरण र व्यवस्थापन सम्बन्धित प्रदेश वा स्थानीय तहको कानुनबमोजिम गर्न सक्नेछ।

(२) यस अगाडि प्रदेश वा स्थानीय तहबाट सेवा सञ्चालन अनुमतिपत्र लिएका संस्थामध्ये शैक्षिक परामर्श सेवा बाहेकको सेवा सञ्चालन गर्ने संस्था प्रदेश वा स्थानीय कानुनबमोजिम नै सञ्चालन हुनेछन् ।

(३) प्रदेश सरकार वा स्थानीय तहबाट शैक्षिक परामर्श सेवा सञ्चालन अनुमतिपत्र प्राप्त गरेका संस्थाहरूले यो नियमावली प्रारम्भ भएको मितिले तीन महिनाभित्र अनुमतिपत्रको लागि नियम ३ बमोजिम मन्त्रालयमा निवेदन दिनुपर्नेछ ।

(४) उपनियम (१) बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले अनुमति लिँदा उल्लेख गरेको प्रदेश वा स्थानीय तहभित्र मात्र सेवा सञ्चालन गर्नु पर्नेछ ।

## परिच्छेद- ३

## शैक्षिक मेला, प्रदर्शनी तथा सेमिनारसम्बन्धी व्यवस्था

7. **शैक्षिक मेला, प्रदर्शनी तथा सेमिनार सञ्चालन गर्न सक्ने**: (१) कुनै व्यक्ति वा संस्थाले कुनै स्थानमा शैक्षिक मेला वा शैक्षिक प्रदर्शनी वा शैक्षिक सेमिनार वा प्रतिनिधि भेटघाट सञ्चालन गर्नुअघि मन्त्रालयबाट स्वीकृति लिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको स्वीकृतिको लागि दिने निवेदनको ढाँचा अनुसूची- ५ बमोजिम हुनेछ।

(३) शैक्षिक मेला वा शैक्षिक प्रदर्शनी वा शैक्षिक सेमिनार आयोजना गर्ने आयोजक विदेशी भए सम्बन्धित देशको कुटनीतिक निकायको सिफारिस पत्र, संस्था दर्तासम्बन्धी कागजात तथा संस्थाको उद्देश्य खुलेको कागजातसहित अनुसूची-2 बमोजिम दस्तुर बुझाई मन्त्रालयमा निवेदन पेस गर्नु पर्नेछ।

(४) उपनियम (१) र (3) बमोजिम पेस हुन आएको निवेदन तथा कागजात जाँचबुझ गर्दा उक्त शैक्षिक मेला वा शैक्षिक प्रदर्शनी वा शैक्षिक सेमिनार आयोजना गर्न उचित छ भन्ने देखिएमा मन्त्रालयले अनुसूची-६ बमोजिमको ढाँचामा अनुमति पत्र दिन सक्नेछ ।

(५) यस नियम बमोजिम आयोजना गरिने शैक्षिक मेला, प्रदर्शनी, सेमिनार आयोजना गर्दा नेपालका विश्वविद्यालय वा उच्च शिक्षा प्रदान गर्ने शिक्षण संस्थाहरूसँगको समन्वयमा गर्नुपर्नेछ ।

(६) यस नियममा जुनसुकै विषय उल्लेख गरिएको भएतापनि नेपाली विद्यार्थीहरूलाई विदेश अध्ययन गर्न जाने अभिप्रायले सञ्चालन गर्न खोजिएको शैक्षिक मेला वा प्रदर्शनीलाई अनुमति दिइने छैन।

(७) उपदफा (४) बमोजिम अनुमतिपत्रअनुसार शैक्षिक मेला वा शैक्षिक प्रदर्शनी तथा शैक्षिक सेमिनार सम्पन्न भएका मितिले सात दिनभित्र अनुमति प्राप्त संस्थाले आफूले गरेको कार्यक्रमको उपलब्धि र त्यसको प्रभावसहितको विवरण मन्त्रालयमा पेस गर्नु पर्नेछ ।

motivate news
motivation for success

(८) उपदफा (७) बमोजिमको विवरण पेस नगर्ने व्यक्ति वा संस्थालाई अर्को पटक कुनै पनि शैक्षिक मेला वा शैक्षिक प्रदर्शनी वा शैक्षिक सेमिनार गर्न अनुमति प्रदान गरिने छैन ।

८. **अनुमति नलिइ शैक्षिक मेला वा प्रदर्शनी तथा सेमिनार सञ्चालन गर्न नहुने:** (१) कुनै पनि व्यक्ति, संस्था वा निकायले नियम ७ को प्रक्रिया पुरा नगरी शैक्षिक मेला वा शैक्षिक प्रदर्शनी वा शैक्षिक सेमिनार सञ्चालन गर्नु हुदैन ।

(२) कुनै व्यक्ति वा संस्थाले अनुमति नलिइ उपनियम (१) बमोजिमको कार्य गरेमा मन्त्रालयले त्यस्तो कार्यक्रमलाई रोक लगाई त्यस्तो व्यक्ति वा संस्थालाई पचास हजार रूपैया जरिवाना गर्न सक्नेछ।

(३) यस नियमावलीमा जुनसुकै कुरा लेखिएको भएतापनि स्वदेशी विश्वविद्यालयमा अध्ययन गर्न, स्थानीय भाषा, सिप प्रवर्द्धन गर्न, देशको विकासमा केन्द्रित रहेर राष्ट्रिय तथा समसामयिक विषय एवम् बौद्ध दर्शन, संस्कृत, हिमाली वातावरण र साहसिक पर्यटन जस्ता मौलिक विषयमा विदेशी विद्यार्थी आकर्षित गर्न स्टडी इन नेपाल मेला, प्रदर्शनी, सेमिनार वा सम्मेलन गर्न बाधा पुऱ्याएको मानिने छैन।

## परिच्छेद- 4

## आय व्यय तथा धरौटीसम्बन्धी व्यवस्था

9. **आय व्यय सम्बन्धी व्यवस्था:** (१) संस्थाले सबै वितीय कारोबारलाई डिजिटल प्रणालीमार्फत गर्नु पर्नेछ।

(२) अनुमति पत्र प्राप्त संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र आफ्नो आय व्ययसम्बन्धी विवरणको प्रचलित कानुनबमोजिम लेखा परीक्षण गराई सक्नु पर्नेछ।

10. **धरौटीसम्बन्धी व्यवस्था:** (१) यस नियमावली बमोजिम अनुमतिपत्रको लागि राख्नु पर्ने धरौटी मन्त्रालयको नाममा रहेको धरौटी खातामा नगदै राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम राख्नु पर्ने धरौटी रकम अनुसूची- 2 मा उल्लेख भएअनुसार हुनेछ।

(३) यसअघि सञ्चालन अनुमतिपत्र प्राप्त गरी सञ्चालनमा रहेका संस्थाले नवीकरण गर्दा अनुसूची-३ बमोजिमको रकम उपनियम (१) बमोजिमको धरौटी खातामा जम्मा गर्नुपर्नेछ ।

11. **धरौटी वा बैंक जमानत फिर्तासम्बन्धी व्यवस्था:** यस नियमावली बमोजिम अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले राखेको धरौटी रकम सम्बन्धित व्यक्ति वा संस्थाले सेवा सञ्चालन नगर्ने भनि दिएको निवेदन मन्त्रालयबाट स्वीकृत भएको अवस्थामा मात्रै फिर्ता हुनेछ ।

## परिच्छेद- ५

## संस्था सञ्चालन मापदण्ड र पालना गर्नुपर्ने सर्त

12. **सेवा सञ्चालन गर्ने संस्थाको मापदण्ड:** (1) सेवा सञ्चालन गर्ने संस्थाले अनुसुची- ७ बमोजिमको मापदण्ड पुरा गरेको हुनु पर्नेछ।

motivate news motivation for success

(2) यसअघि अनुमति पत्र प्राप्त गरी सञ्चालित संस्थाले उपनियम (१) बमोजिमको मापदण्ड पुरा नगरेको भए नियमावली जारी भएको मितिले एक वर्षभित्र मापदण्ड पुरा गरी सोको विवरण मन्त्रालयमा पेस गर्नुपर्नेछ।

(३) उपदफा (2) बमोजिमको अवधिभित्र मापदण्ड पुरा नगर्ने संस्थाको अनुमतिपत्र नवीकरण हुनेछैन।

13. **अनुमतिपत्र प्राप्त संस्थाले पालना गर्नुपर्ने सर्त:** (१) यस नियमावलीबमोजिम सेवा सञ्चालन गर्ने व्यक्ति वा संस्थाले ऐन, यो नियमावली तथा मन्त्रालयले समय समयमा निर्धारण गरेको सर्त तथा मापदण्ड पूरा गर्नुपर्नेछ।

(२) उपनियम (१) को अतिरिक्त अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले देहायका सर्तहरू पालना गर्नुपर्नेछः-

(क) प्रवाह गर्ने सेवा र सेवाको प्रकृति स्पष्ट पारी सरोकारवाला सबैलाई जानकारी गराउनुपर्ने,

(ख) मन्त्रालयबाट जुन सेवाको लागि अनुमति प्राप्त गरेको हो, सो सेवा मात्र सञ्चालन गर्नुपर्ने,

(ग) परामर्शदाता व्यक्ति कम्तिमा स्नातक तह उत्तीर्ण गरी विश्वविद्यालय वा महाविद्यालय वा मान्यताप्राप्त तालिम प्रदायक संस्था वा कुटनीतिक नियोगबाट शैक्षिक परामर्शसम्बन्धी तालिम प्राप्त गरेको हुनुपर्ने,

(घ) नेपाली नागरिक बाहेक अरुलाई शैक्षिक परामर्शदाताको रूपमा काम गराउनु पर्ने भए प्रचलित कानुनबमोजिम अख्तियारप्राप्त निकायबाट अनुमति लिएको हुनुपर्ने,

(ङ) स्नातक तह उत्तीर्ण गरी आवश्यक तालिमसमेत लिएको प्रशिक्षक हुनुपर्ने,

(च) सेवाग्राहीसँग लिखित सम्झौता गरेर मात्र कार्य थालनी गर्नुपर्ने,

(छ) सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमहरू सञ्चालन गर्दा सम्बन्धित विषयको विशेषज्ञबाट सहजीकरण हुने व्यवस्था मिलाउनुपर्ने,

(ज) सेवाग्राहीबाट लिने सबै प्रकारका शुल्कको विवरण अद्यावधिक गरी नागरिक वडापत्रसँगै र संस्थाको वेबसाइटमार्फत सार्वजनिक गर्नुपर्ने,

(झ) मन्त्रालयले मागेको सबै विवरण समयमा नै उपलव्ध गराउनुपर्ने,

(ञ) विद्यार्थीले विदेशी शिक्षण संस्थालाई बुझाउनु पर्ने रकम वैदेशिक अध्ययन अनुमति पत्र लिन लगाई बैंकमार्फत भुक्तानी दिनुपर्ने,

(ट) संस्था दर्ता प्रमाण-पत्र, अनुमतिपत्र, मूल्य अभिवृद्धि कर प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा समेत दर्ता भएको स्थायी लेखा नम्बर प्रमाणपत्र, संस्थाबाट प्रदान गरिने सेवा र सेवा वापत लिइने शुल्कको विवरण तथा संस्थाको कार्यप्रक्रिया खुल्ने नागरिक वडापत्र सबैले देख्ने गरी कार्यालयमा राख्नु पर्ने,

(ठ) आफ्नो परामर्श सेवामार्फत उच्च शिक्षा अध्ययनका लागि विदेश जाने विद्यार्थीको अध्ययन अवधिभरको सम्पूर्ण विवरण राख्नु पर्ने,

motivate news motivation for success

(ड) आफ्नो परामर्श सेवामार्फत उच्च शिक्षा अध्ययनका लागि विदेश गएमा विद्यार्थीलाई उनीहरूको समस्या समाधानका लागि अनलाइन माध्यमबाट परामर्श प्रदान गर्नु पर्ने,

(ढ) संस्थाले प्रदान गरेको परामर्शका कारण विदेशमा विद्यार्थी अलपत्र परेमा वा कलेज अवैध ठहरिएमा संस्थाले नै क्षतिपूर्ति तिर्नु पर्ने,

(ण) संस्थाले सेवा प्रदान गर्दा विद्यार्थी वा अभिभावकसँग परामर्श सेवा वापतको शुल्क, शिक्षण संस्थाको आधिकारिता, अध्यापन हुने विषय, भर्नाका लागि चाहिने न्यूनतम योग्यता, सर्त, भर्ना हुने तह, अध्ययन अवधि, शिक्षण संस्थाबाट प्राप्त हुने छात्रवृति, पुस्तकालय, प्रयोगशाला, आवसीय सुविधा, अध्ययनको अवधिभर तिर्नु पर्ने शुल्क र शुल्क तिर्ने तरिका, अध्ययन पूरा गरेको तहको प्रमाणपत्र तथा समकक्षता, अनुसन्धानमा सहभागी हुन पाउने लगायतका सेवा सुविधा र पालना गर्नु पर्ने सर्त र भर्ना हुन आवश्यक पूर्व सर्तसम्बन्धी सूचना तथा लिएको रकम फिर्ता गर्ने सम्बन्धी विषयहरु समेतको विवरण खुलाई सम्झौता गर्नुपर्ने,

(त) विद्यार्थीले सेवा लिने क्रममा संस्थालाई बुझाएका रकमको बील भर्पाई र अन्य कागजातको निस्सा विद्यार्थीलाई दिनुपर्ने,

(थ) संस्थामा स्वदेशी लगानी मात्र भएको हुनु पर्ने र विदेशी लगानी भएको भए एक वर्षभित्रमा स्वामीत्व परिवर्तन गर्ने,

(द) परामर्श लिन आउने सेवाग्राहीसँग आवश्यक पर्ने कागजातहरूको प्रमाणित प्रति मात्र लिने,

(ध) विदेशी विश्वविद्यालयमा उच्च अध्ययनको लागि सेवा सञ्चालन गर्दा उक्त विश्वविद्यालय वा शैक्षिक संस्था सम्बन्धित देशको प्रचलित कानुनबमोजिम स्थापित भएको, गुणस्तर सुनिश्चितता प्राप्त तथा प्रत्यायनकृत भएको र विदेशी विद्यार्थी अध्ययन गर्न अनुमति प्राप्त गरेको विश्वविद्यालय हुनुपर्ने,

(न) हरेक आर्थिक वर्षका लागि कर चुक्ता प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने,

(प) सेवाग्राहीबाट प्राप्त गर्ने सेवाशुल्कमा अनिवार्य रुपमा मूल्य अभिवृद्धि कर विजक जारी गरेको हुनुपर्ने,

(फ) सेवाग्राहीबाट प्राप्त हुने रकम नगद लिन नपाउने गरी अनिवार्य रुपमा बैंक खातामा मात्र प्राप्त गर्नुपर्ने,

(ब) परामर्शदाता व्यक्तिले समेत अनिवार्य रुपमा करचुक्ताको प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने।

14. <u>अनुगमन तथा निरीक्षणः</u> (१) मन्त्रालयले आवश्यकताअनुसार अनुमतिपत्र प्राप्त संस्थाको काम कारवाहीको अनुगमन गर्न गराउन सक्नेछ ।



motivate news motivation for success

(२) उपनियम (१) बमोजिम अनुगमन गर्दा देहायको आधारमा गर्नु पर्नेछः-

(क) निर्धारित सर्त तथा मापदण्ड पूरा गरे, नगरेको,

(ख) प्रदान गर्ने वा गरेको सेवाको पारदर्शिता भए, नभएको,

(ग) सेवा शुल्कको पारदर्शिता भए, नभएको,

(घ) अध्ययन अवधिभरको विद्यार्थीको अभिलेख राखे, नराखेको,

(ङ) आय व्ययको अभिलेख राखे, नराखेको,

(च) सञ्चालन गर्ने वा गरेको क्रियाकलापको अभिलेखीकरण गरे, नगरेको,

(छ) सेवाग्राहीसँग गरेको सम्झौता र यसको कार्यान्वयन पक्षको अवस्था,

(ज) गुनासो राख्ने संयन्त्र र सम्बोधन तथा जवाफदेहिताको अवस्था,

(झ) कर चुक्ता तथा अद्यावधिकताको प्रमाण भए, नभएको,

(ञ) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न भए, नभएको,

(ट) संस्थाबाट परामर्श प्रदान गरिएका देशगत विद्यार्थी सङ्ख्या र उनीहरूको वर्तमान अवस्थासहितको एकीकृत डेटावेस भए, नभएको

(ठ) उपलब्ध गराएको सेवाबाट सेवाग्राही मर्कामा परेको उजुरी परे वा नपरेको ।

(३) उपनियम (१) बमोजिमको अनुगमनको क्रममा अनुगमनकर्ताले माग गरेको कागजात उपलब्ध गराउनु सम्बन्धित व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ ।

(4) विदेशमा अध्ययन गर्न गएको विद्यार्थीका सम्बन्धमा विदेशी शिक्षण संस्था वा सम्बन्धित मुलुकको कुटनीतिक नियोगमार्फत विवरण माग गर्नु पर्ने भएमा मन्त्रालयले परराष्ट्र मन्त्रालयसँग समन्वय गरी माग गर्नु पर्नेछ ।

motivate news motivation for success

(5) अनुगमनको क्रममा दिइएको सुझाव तथा निर्देशनको पालना गर्ने दायित्व सम्बन्धित व्यक्ति वा संस्थाको हुनेछ ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि संस्थाले परामर्श प्रदान गरेको विद्यार्थीको सफलताको दर, उजुरी सङ्ख्या र सेवाको गुणस्तरका आधारमा संस्थाहरूलाई ए, वि र सि मा ग्रेडिङ गर्न सकिनेछ।

(७) उपनियम (६) बमोजिमको ग्रेडिङलाई मन्त्रालयले वेबसाइटमार्फत सार्वजनिक गर्नेछ।

15. **समन्वय समितिसम्बन्धी व्यवस्थाः** (१) सेवा सञ्चालनसम्बन्धी कार्यलाई व्यवस्थित गर्ने विषयमा मन्त्रालयलाई राय सुझाव दिनको लागि देहाय बमोजिम एक समन्वय समिति रहनेछ:-

(क) प्रमुख, उच्च शिक्षासम्बन्धी विषय हेर्ने महाशाखा, मन्त्रालय -अध्यक्ष

(ख) उपसचिव, वैदेशिक अध्ययन अनुमति शाखा मन्त्रालय -सदस्य

(ग) उपसचिव, कानुन तथा फैसला कार्यान्वयन शाखा, मन्त्रालय -सदस्य

(घ) प्रतिनिधि, राजपत्राङ्कित द्वितीय श्रेणी, गृह मन्त्रालय -सदस्य

| | | |
|---|---|---|
| (ङ) | प्रतिनिधि (राजपत्राङ्कित द्वितीय श्रेणी), कम्पनी रजिष्ट्रारको कार्यालय | -सदस्य |
| (च) | शिक्षा क्षेत्रका विज्ञहरू मध्येबाट मन्त्रालयबाट मनोनित कम्तिमा एक जना महिलासहित तीनजना | -सदस्य |
| (छ) | उपसचिव, शैक्षिक परामर्श तथा प्रमाणीकरण शाखा, मन्त्रालय | -सदस्य-सचिव |

(२) उपनियम (१) को खण्ड (च) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ र निजहरुको कार्य सन्तोषजनक नदेखिएमा मन्त्रालयले निजलाई उक्त पदावधि अगावै हटाउन बाधा पर्नेछैन ।

तर त्यसरी हटाउनु अघि सफाई पेस गर्ने मनासिव मौका दिनुपर्नेछ ।

(३) समन्वय समितिले आवश्यक देखेमा सम्बन्धित क्षेत्रको अन्य विशेषज्ञलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

16. **समन्वय समितिको काम र कर्तव्यः** (१) समन्वय समितिले सेवा सञ्चालनको सम्बन्धमा हुनु पर्ने तथा भएका कार्यहरुको समीक्षा गरी मन्त्रालयलाई राय सुझाव दिनेछ।

(२) उपनियम (१) मा उल्लिखित कार्यका अतिरिक्त समन्वय समितिबाट सम्पादन हुने कार्य देहाय बमोजिम हुनेछन्ः-

(क) सेवा सम्बन्धमा परेका गुनासो र उजुरीको सम्बन्धमा अध्ययन गरी कार्यान्वयनको लागि मन्त्रालयमा सिफारिस गर्ने,

(ख) अनुमतिपत्र प्राप्त संस्थाको अनुगमन गर्ने गराउने,

(३) उपनियम (२) को खण्ड (ख) अनुसार अनुगमन गराउँदा नियम 14 बमोजिमको सर्तहरू पालना भए नभएको समेत अनुगमन गर्नु पर्नेछ ।

## परिच्छेद-६

## कारवाहीसम्बन्धी व्यवस्था

17. **कारवाहीसम्बन्धी व्यवस्थाः** (१) कसैले ऐन वा यस नियमावली विपरीतका कार्य गरेको वा गर्न लगाएको वा त्यस्ता कार्य गर्न सहयोग पुऱ्यामा वा सर्त पालना नगरेको देखिएमा त्यस्ता व्यक्ति वा संस्थालाई प्रचलित कानुनबमोजिम कारवाही हुनेछ ।

(२) मन्त्रालयले देहायको अवस्था प्रमाणित भएमा अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले पाएको अनुमतिपत्र रद्द गरी धरौटी जफत गर्नेछः-

(क) अनुमति पत्र नवीकरण नगराई सेवा सञ्चालन गरेको,

(ख) नेपाल सरकारले खुला नगरेको गन्तव्य देश, अध्ययनको विषय र तहमा विद्यार्थी पठाउन सेवा सञ्चालन गरेको,

(ग) विद्यार्थी तथा संस्थाको आर्थिक कारोबार पारदर्शी रूपमा राख्नु पर्नेमा नराखेमा वा बैंकमार्फत गर्नु पर्ने कारोवार नगरेमा वा विद्यार्थी पठाए बापत सम्बन्धित



motivate news motivation for success

शिक्षण संस्थाबाट दान, उपहार वा कुनै रकम लिएमा वा गलत परामर्श गरी विदेशमा विद्यार्थीलाई अध्ययन गर्नबाट वञ्चित गराएमा वा विद्यार्थी अलपत्र परेको,

(घ) शैक्षिक परामर्श सेवा प्रदान गर्ने संस्थाले उपलब्ध गराएको परामर्श सेवाभन्दा पृथक भई विद्यार्थी अलपत्र परेमा वा शिक्षण संस्था अवैध ठहरिएमा त्यस्ता विद्यार्थीहरुको उद्धार गरी अध्ययन पुरा नगराएको,

(ङ) वैदेशिक अध्ययनमा जाने विद्यार्थी उपर आर्थिक शोषण गरेको वा ठगी गरेको,

(च) सेवा सञ्चालनको क्रममा भ्रामक वा उच्छृङ्खल वा कानुन विपरित हुने गरी प्रचार प्रसार गरेको वा गलत सूचना सम्प्रेषण गरेको वा अन्यको नामबाट अनाधिकृत गतिविधि गरे/गराएको,

(छ) संस्थाको दर्ता खारेज भएको,

(ज) करसम्बन्धी विवरणहरु नियमित रुपमा दाखिला नगरेको वा कर चुक्ताको प्रमाणपत्र प्राप्त नगरेको

(झ) अन्य प्रचलित कानुन विपरीतको कार्य गरेको ।

(3) उपदफा (२) बमोजिम अनुमतिपत्र रद्द भएको सात दिनभित्र त्यस्तो व्यक्ति तथा संस्थालाई प्रचलित कानुनबमोजिम अनुसन्धान तथा कारवाही गर्न सम्बन्धित निकायमा पठाउनुपर्नेछ ।

18. **<u>अनुमतिपत्र खारेज गर्न सकिने</u>:** (१) यस नियमावलीबमोजिम अनुमति प्राप्त संस्थाले सेवा बन्द गरी आफूले प्राप्त गरेको अनुमतिपत्र खारेज गर्न चाहेमा मन्त्रालय समक्ष अनुसूची-८ बमोजिमको ढाँचामा निवेदन गर्न सक्नेछ ।

(२) मन्त्रालयले उपनियम (1) बमोजिमको निवेदनको सम्बन्धमा आवश्यक जाँचबुँझ गरी निवेदनको बेहोरा मनासिव देखिएमा अनुमतिपत्र खारेज गरी सो को जानकारी अनुसूची-९ बमोजिमको ढाँचामा सम्बन्धित व्यक्ति वा संस्थालाई दिनुपर्नेछ ।

(४) उपदफा (2) बमोजिमको जानकारी त्यस्तो निर्णय भएको सात दिनभित्र उक्त संस्था दर्ता गर्ने निकायलाई दिनु पर्नेछ ।

## परिच्छेद-७

## <u>विविध</u>

19. **<u>विद्युतीय प्रणाली विकास गर्न सक्ने</u>:** (१) मन्त्रालयले यस नियमावलीबमोजिम सेवा सञ्चालन र व्यवस्थापनलाई सरल, सहज र प्रभावकारी बनाई अभिलेख व्यवस्थापनलाई प्रविधिमैत्री बनाउन विद्युतीय प्रणाली विकास गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको विद्युतीय प्रणालीको प्रयोग गर्नु सम्बन्धित व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ ।

motivate news
motivation for success

(३) संस्थाले नियम १४ को उपनियम (२) को खण्ड (च) बमोजिमको एकीकृत डेटावेसका आधारमा उपनियम (१) बमोजिमको प्रणालीमा नियमित अद्यावधिक गर्नु पर्नेछ।

20. **निर्देशन दिन सक्नेः** (१) मन्त्रालयले अनुमति प्राप्त व्यक्ति वा संस्थाको सञ्चालन तथा सम्बन्धमा आवश्यक निर्देशन दिन सक्ने छ ।

(२) उपनियम (१) बमोजिमको निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ ।

21. **अनुसूचीमा संशोधनः** (१) मन्त्रालयले आवश्यकताअनुसार अनुसूचि हेरफेर वा थपघट गर्न सक्नेछ।

22. **खारेजी र बचाउः** (१) शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्बन्धी निर्देशिका, २०७३ खारेज गरिएको छ ।

(२) शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्बन्धी निर्देशिका, २०७३ बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिने छ ।

motivate
motivation for success news

अनुसूची-१

(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

**सेवा सञ्चालन अनुमतिपत्रको लागि दिने निवेदनको ढाँचा**

मितिः.................

**श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,**

**सिंहदरवार, काठमाडौं ।**

**विषयः सेवा सञ्चालन गर्ने अनुमतिपत्र पाउँ ।**

नियमावलीको नियम ३ बमोजिम सेवा सञ्चालनको लागि अनुमतिपत्रको लागि यो निवेदन पेस गरिएको छ ।

१. **संस्थाको नाम**:- (क) नेपालीमाः..........................................

(ख) अंग्रजीमाः ....................................

(ग) ठेगानाः ............ प्रदेश,............

जिल्ला.................................,
गाउँपालिका/नगरपालिका, वडा नं.............टोल, ..........................
Email...................................... टेलिफोन
नं.............................

२. **सेवा सञ्चालन गर्ने ठेगाना**:-
प्रदेश,............
............
जिल्ला...................................., गाउँपालिका/नगरपालिका, वडा नं..., टोल
.................................... टेलिफोन नं
..........................

३. **उपलब्ध गराउने सेवा**:-

(क) शैक्षिक परामर्श (ख) भाषा शिक्षण (ग) भाषा परीक्षण (घ) पूर्व तयारी कक्षा

४. **संस्थाको पत्राचार गर्ने ठेगाना र मुख्य सम्पर्क व्यक्तिः-**
प्रदेश,.............
.............
जिल्ला...................................., गाउँपालिका/नगरपालिका, वडा नं........,
...................टोल, ....................................... टेलिफोन
नम्बर, मुख्य सम्पर्क व्यक्तिको नाम थर र सम्पर्क नं...........................

५. **संस्थाको विवरण**:-

(१) दर्ता नंः.............., (२) दर्ता मितिः .............., (३) दर्ता गर्ने निकाय ............., (४) अध्यावधिक भएको/नभएको, (५) मूल्य अभिवृद्धि कर दर्ता नं............. (६) मूल्य अभिवृद्धि करमा दर्ता मिति.............



motivate news
motivation for success

६. <u>संस्था खोल्ने व्यक्तिहरूको विवरण:-</u>

| क्र. स. | नाम, थर | स्थायी ठेगाना | फोन नं | मोबाइल नं | email | नागरिकता नं र जिल्ला | शेयर हिस्सा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

७. <u>परामर्शदाता /प्रशिक्षकसम्बन्धी विवरण:-</u>

| क्र स | नाम थर | स्थायी ठेगाना | शैक्षिक योग्यता | तालिम र सोको अवधि | सेवा अनुभव र वर्ष | तालिम दिने संस्था | अन्य |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

८. <u>विदेशी शिक्षण संस्थाको प्रतिनिधिको विवरण (भएमा) :-</u>

| क्र स | शिक्षण संस्थाको नाम | देश | ठेगाना | आधिकारीकता प्राप्त मिति र अवधि | सम्बन्धन/ प्रत्यायन गर्ने निकाय |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

९. <u>सेवा सञ्चालन गर्ने स्थान, भवन र कक्षसम्बन्धी विवरण:-</u>

| विवरण | संख्या | पर्याप्त | अपर्याप्त | अन्य |
|---|---|---|---|---|
| भवन | | | | |
| कार्यालय कक्ष | | | | |
| कक्षा कोठा | | | | |
| पुस्तकालय कक्ष | | | | |
| प्रयोगशाला | | | | |

motivate news
motivation for success

१०. <u>संस्थाको उद्देश्यसम्बन्धी विवरण</u>

१...........................

२...........................

<u>संलग्न कागजातहरु</u> :

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

२. संस्था दर्ताको प्रमाणपत्र, प्रबन्धपत्र,

३. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

४. साझेदारी फर्म भएमा साझेदारी कबुलियतनामा,

...................

निवेदकको हस्ताक्षर

नाम,

थर:...................

ठेगाना:...................

फोन
नम्बर: . . . . . . . . . . .
. . .
e-mail: .....................

motivate
motivation for success news

## अनुसूची -2

(नियम ३ को उपनियम (3), नियम ७ को उपनियम (३), नियम 10 को उपनियम (2) सँग सम्बन्धित)

**धरौटी, अनुमतीपत्र तथा नवीकरण दस्तुर**

| सि.नं. | सेवा | धरौटी (रु.) | अनुमतिपत्र दस्तुर (रु.) | नवीकरण दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १. | शैक्षिक परामर्श सेवा | पच्चिस लाख र प्रति शाखा थप पच्चिस लाख | पचास हजार र शाखा विस्तार भएमा प्रति शाखा बीस हजार | पचास हजार र शाखा विस्तार भएमा प्रति शाखा बिस हजार | |
| २. | पूर्व तयारी कक्षा | एक लाख | दश हजार | पाँच हजार | |
| ३. | भाषा परीक्षण | पाँच लाख | पन्ध्र हजार | पाँच हजार | |
| ४. | भाषा शिक्षण सेवा | एक लाख | दश हजार | पाँच हजार | |
| ५. | शैक्षिक मेला/ प्रदर्शनी/सेमिनार (प्रतिदिन प्रति स्थानमा सञ्चालन गरे वापत) | - | नगरपालिकामा भए पच्चीस हजार तथा गाउँपालिकामा भए दश हजार | - | |
| ६. | विदेशी आयोजक भएमा (शैक्षिक मेला/ प्रदर्शनी/सेमिनार | | यु एस डलर एकहजार पाँच सय | | |

motivate news
motivation for success

| | | | | | |
|---|---|---|---|---|---|
| | (प्रतिदिन प्रति स्थानमा सञ्चालन गरे वापत) | | | | |

## अनुसूची- 3

(नियम ३ को उपनियम (3) सँग सम्बन्धित)

**<u>अनुमतिपत्रको ढाँचा</u>**

अनुमतिपत्र नं:................

श्री ..................................

..................................

शैक्षिक परामर्श / भाषा शिक्षण/भाषा परीक्षण/ पूर्व तयारी कक्षा सञ्चालन गर्न ..................................लाई....................

जिल्ला.....................,......................गाउँपालिका/नगरपालिका वडा नं.............. मा शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली, २०८२ को नियम ३ को उपनियम (४) बमोजिम यो अनुमतिपत्र दिइएको छ।

अनुमतिपत्र दिने अधिकारीको

दस्तखत:

नाम थर:

दर्जा:

मिति:

**(अनुमतिपत्रको पछाडिको पृष्ठमा लेखिने)**

१. सेवा सञ्चालकले आफूले बुझाउनु पर्ने विववरण समयमा बुझाउनु पर्नेछ ।

२. सेवा सञ्चालकले सेवा प्राप्त गर्नेहरुको विवरण प्रत्येक वर्ष समयमा नै बुझाउनु पर्नेछ ।

३. यो अनुमतिपत्रको अवधि एक वर्षको भएकोले सो समाप्त हुनु अगावै नवीकरणको लागि निवेदन गरी सक्नु पर्नेछ ।

४. अनुमतिपत्रमा निर्धारितभन्दा बढी स्थान र संख्यामा सेवा सञ्चालन गर्न पाइने छैन ।

५. जुन सेवाको लागि अनुमति प्राप्त गरेको हो सोही सेवामात्र संञ्चालन गर्नु पर्नेछ ।

६. अनुमति प्राप्तिको लागि राखिएको धरौटी अनुमतिपत्रको (नवीकरणसमेत) अवधि कायम रहदासम्म राखिराख्नु पर्नेछ ।

motivate news
motivation for success

७. संस्थामा विदेशी लगानी भएको हुनु हुँदैन।

८. अनुगमनको क्रममा वा अन्य समयमा सरकारी अधिकारीद्वारा माग गरिएको विवरण समयमा नै बुझाउनु पर्नेछ।

motivate
motivation for success news

**नवीकरणसम्बन्धी विवरण**

| क्र.सं. | सेवा सञ्चालन गर्ने संस्थाको नाम | सेवाको प्रकार | नवीकरण मिति | नवीकरण बहाल रहने मिति | नवीकरण गर्नेको नाम र दस्तखत | कार्यालयको छाप |
|---|---|---|---|---|---|---|
| | | | | | | |

motivate
motivation for success news

अनुसूची -४

(नियम ४ को उपनियम (2) सँग सम्बन्धित)

**अनुमतिपत्र नवीकरणको लागि दिने निवेदनको ढाँचा**

मितिः...............

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय.
सिंहदबार, काठमाडौँ ।

महोदय,

................प्रदेश...............जिल्ला..............................नगरपालिका/गाउँपालिका.................वडा नं.......... मा ..........................................उद्देश्य रहेको..................................नामको संस्थाबाट शैक्षिक परामर्श/भाषा शिक्षण/भाषा परीक्षण/ पूर्व तयारी कक्षा सेवा सञ्चालन गरिएकोमा मिति..................................मा प्राप्त अनुमतिपत्रको अवधि एक वर्ष पूरा हुने भएकोले प्राप्त अनुमतिपत्रको म्याद नियमानुसार नवीकरण हुन देहाय बमोजिमको विवरण र कागजातसहित निवेदन गरेको छु । निवेदनमा उल्लेख भएको बेहोरा साँचो हो। झुट्टा ठहरेमा कानुनबमोजिम सहुँला बुझाउँला ।

motivate
motivation for success
news

.................
निवेदकको हस्ताक्षर
नाम, थरः..............
ठेगानाः.................
फोन नम्बरः............
email: ...................

**संलग्न कागजात**:

१.नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
२.संस्था दर्ताको प्रमाणपत्र,
३.कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
४.साझेदारी फर्म भएमा साझेदारी कबुलियतनामा र निर्णय,

५.अन्य निकायको सहमति (आवश्यक भएमा),

motivate
motivation for success news

अनुसूची-५

(नियम 7 को उपनियम (२) सँग सम्बन्धित)

**शैक्षिक मेला/शैक्षिकप्रदर्शनी/शैक्षिक सेमिनार सञ्चालनको लागि दिने निवेदनको ढाँचा**

मितिः.........

**श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,**

**सिंहदरवार, काठमाडौं।**

शैक्षिक मेला/शैक्षिकप्रदर्शनी/शैक्षिक सेमिनार सञ्चालनको लागि निवेदन पेस गरेको छु ।

१. **व्यक्ति वा संस्थाको नाम**: (क) नेपालीमाः....................................... (ख) अङ्ग्रेजीमाः.......................................

२. **मेला/प्रदर्शनी/सेमिनार सञ्चालन गर्ने ठेगाना**:

...............प्रदेश,..................

जिल्ला,........................गाउँपालिका/नगरपालिका,............वड नं.,................................टोल,...............................टेलिफोन नं, विदेशमा भएः .......देश,.................................स्थान,....................शहर।

३. **पत्राचार गर्ने ठेगाना र मुख्य सम्पर्क व्यक्तिः**

............प्रदेश,...........

जिल्ला......................................., गाउँपालिका/नगरपालिका, वडा नं ........, ..................टोल, ...............................................

टेलिफोन नम्बर,

मुख्य सम्पर्क व्यक्तिको नाम थर र सम्पर्क नं..................................................

४. **संस्थाको विवरण :**

(१) दर्ता नंः............., (२) दर्ता मितिः ............., (३) दर्ता गर्ने निकाय ............., (४) अध्यावधिक भएको/नभएको, (५) मूल्य अभिवृद्धि कर दर्ता नं.............. (६) मूल्य अभिवृद्धि करमा दर्ता मिति............

५. **संस्था खोल्ने व्यक्तिहरुको विवरण**

| क्र. स. | नाम थर | स्थायी ठेगाना | फोन नं | मोवाइल नं | इमेल ठेगाना | नागरिकता नं र जिल्ला | शेयर हिस्सा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |



motivate news
motivation for success

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|

६. **संस्थाको उद्देश्य सम्बन्धी विवरण**

१.......................

२.......................

**संलग्न कागजात**:

१. मेला वा प्रदर्शनी आयोजनाको कार्यक्रम बारेको विस्तृत विवरण

२. नागरिकता प्रमाणपत्रको प्रमाणीत प्रतिलिपि,

३. संस्था दर्ताको प्रमाणपत्र, प्रबन्धपत्र

४. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

५. साझेदारी फर्म भएमा साझेदारी कबुलियतनामा,

६. अन्य निकायको सहमति (आवश्यक भएमा),

....................
निवेदकको हस्ताक्षर
नाम, थर:..............
ठेगाना:...................
फोन नम्बर:............
email: ...................

अनुसूची- ६

(नियम 7 को उपनियम (4) सँग सम्बन्धित)

**शैक्षिक मेला/प्रदर्शनी/सेमिनार सञ्चालनको लागि दिने अनुमतिपत्रको ढाँचा**

मिति:.......................

श्री ..................................
..................................

motivate
motivation for success
news

शैक्षिक मेला/प्रदर्शनी/सेमिनार सञ्चालनको लागि मिति ........................मा प्राप्त भएको निवेदन उपर कारवाही हुँदा....................................................................लाई ....................जिल्ला,...............................................गाउँपालिका/नगरपालिका,.......... वडा नं, (विदेश भए देश................,प्रान्त ..........................,शहर.......................... ) मा मिति......................देखि मिति................सम्म शैक्षिक मेला/प्रदर्शनी/सेमिनार सञ्चालन गर्न दिने गरी मिति.............................. मा निर्णय भएकोले **शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली, २०८२** को नियम........ को उपनियम (............) बमोजिम यो अनुमतिपत्र दिइएको छ ।

अनुमतिपत्र दिने अधिकारीको

दस्तखत:

नाम थर:

दर्जा:

मिति:

नोट:- यो अनुमतिपत्र मिति:.........................................................सम्म मात्र बहाल रहनेछ ।

motivate news
motivation for success

अनुसुची-७

(नियम 12 को उपनियम (१) सँग सम्बन्धित)

**संस्था सञ्चालनको मापदण्ड**

१. संस्थाको आफ्नै कार्यालय भवन भएको हुनुपर्ने वा न्यूनतम तीन बर्षको लागि घरभाडा सम्झौता भएको हुनुपर्ने,

२. संस्थाको इमेल, वेबसाइट र टेलिफोन हुनुपर्ने,

३. संस्था औद्योगिक क्षेत्र र मूल सडकबाट केही टाढा, तर दमकल र एम्बुलेन्स पुग्न सक्ने बाटो भएको स्थानमा हुनुपर्ने,

४. संस्था सञ्चालन हुने भवनको कोठा भुइँदेखि सिलिङसम्मको उचाई घटिमा ९ फिट हुनुपर्ने साथै प्रशस्त प्रकाश छिर्ने र क्रस भेण्टिलेशन भएको वा वातानुकूलित हुनुपर्ने,

५. भवन भुकम्प प्रतिरोधक प्रविधिबाट निर्मित हुनुपर्ने,

६. भवनमा Firefighting system जडान भएको हुनुपर्ने,

७. प्रशासनिक कार्यका लागि छुट्टै कार्यकक्षको व्यवस्था हुनु पर्ने,

८. भवन र भवन भित्रका पूर्वाधारहरु अपाङ्गमैत्री हुनु पर्ने,

९. भवनमा सफा र सुविधायुक्त महिला, पुरुष तथा अपाङ्गतामैत्री शौचालय अलग अलग हुनुपर्ने र Multi-story Building मा भने प्रत्येक तलामा शौचालयको व्यवस्था हुनु पर्ने,

१०. सफा र स्वाच्छ खाने पानीको नि:शुल्क व्यवस्था हुनु पर्ने,

११. सन्दर्भ सामग्री, विषयसँग संबन्धित जर्नल, म्यागाजिन, न्यूज पेपर इत्यादि उपलब्ध भएको तथा विद्यार्थीहरूलाई अध्ययन गर्न यथेष्ट स्थान भएको एक पुस्तकालयको व्यवस्था हुनु पर्ने,

१२. कक्षा कोठामा विद्यार्थीहरू हिड्न, बस्न र अध्ययन गर्न सुविधा युक्त फर्निचरको व्यवस्था हुनु पर्ने,

१३. विद्यार्थीहरूले सहज रुपमा प्रयोग गर्न सक्ने गरी इन्टरनेट सुविधाको व्यवस्था हुनुपर्ने ।

motivate news
motivation for success

अनुसूची-८

(नियम 18 को उपनियम (१) सँग सम्बन्धित)

**अनुमतिपत्र खारेजीका लागि दिने निवेदनको ढाँचा**

मितिः ...............

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, काठमाडौं ।

महोदय,

..................प्रदेश, .................जिल्ला, .........................नगरपालिका/गाउँपालिका, वडा नं................ मा ..............................................उद्देश्य रही...................................नामको संस्थाबाट शैक्षिक परामर्श/भाषा शिक्षण/भाषा परीक्षण/पूर्व तयारी कक्षासम्बन्धी कार्य गरिदै आएकोमा देहाय बमोजिमको कारण र विवरण तथा कागजातसहित सेवा सञ्चालनको अनुमतिपत्र खारेजीको लागि निवेदन गरेको छु/गरेका छौं।

**तपशिल**

1. अनुमतिपत्रको खारेजी गर्नुको कारणः
2. बुझाउनु पर्ने कर, दस्तुर तथा शुल्क बुझाएको विवरणः
3. संस्थाबाट अनुमतिपत्र परित्यागको लागि भएको निर्णय तथा उद्देश्यमा गरिएको संशोधनः
4. अनुमतिपत्र परित्याग गर्नु पर्ने कारणः

३. **सेवा सञ्चालनको क्रममा भएका काम कारवाहिको विवरणः**

हस्ताक्षरः..................................

निवेदकको पूरा नाम, थरः..........................

नागरिकता प्रमाणपत्रको नं ........................

संस्थाको नाम :...................................

अनुसूची -९

(नियम 18 को उपनियम (2) सँग सम्बन्धित)

**अनुमतिपत्र खारेजीको जानकारी पत्रको ढाँचा**

मिति:...............................

श्री .............................................
.............................................

मिति ................................ मा प्राप्त भएको निवेदन बमोजिम अनुमति पत्र नं .......................... मिति ...........................मा दिइएको अनुमतिपत्र परित्याग गरी पाउँ भनी मिति...........................मा प्राप्त हुन आएको निवेदन उपर कारवाही हुँदा ...........................................संस्थाले........................ ......सेवा सञ्चालनको लागि प्राप्त गरेको अनुमति पत्र मिति..................... को निर्णयअनुसार खारेज गरिएको छ । अनुमति पत्र खारेज भएकोले साविक बमोजिम कुनै काम कारवाही नगर्न नगराउन निर्णयअनुसार अनुरोध गरिन्छ । साथै अनुमतिपत्र खारेज भएको जानकारी संस्था दर्ता गर्ने निकायलाई गराउनुहुन र संस्थाको उद्देश्यमा समेत सोहिबमोजिम संशोधन गर्नुहुन जानकारी गराइन्छ।

सम्बन्धित अधिकारीको

दस्तखत:

नाम थर:

दर्जा:

मिति:

motivate
motivation for success
news

**बोधार्थ:-**

श्री .............................................